झ. नापी अधिकृत, नापी तथा बसोबास क्याम्प– सदस्य

ञ. कञ्चनपुर जिल्ला वनक्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समितिका सदस्य-सचिव श्री अमृतमान श्रेष्ठ– सदस्य-सचिव

ट. श्री डी. एफ. ओ. डँडेलधुरा वन डिभिजन कार्यालय– सह-सदस्य-सचिव

२. समितिको काम, कर्तव्य र अधिकारः समितिको काम, कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछः–

(क) गरीब किसानहरूको निस्सा, प्रमाण केही नहुने भएकोले हकभोगको आधारमा समेत नियमानुसार नापी गर्ने।

(ख) कम्तीमा ५ वर्ष पुरानो आवादी जग्गासम्बन्धी हकभोगको निस्सा प्रमाण हेरी हकभोगकै आधारमा नापी गर्ने।

(ग) पिछडिएका वर्ग रावतहरू बसेका जग्गाको हकमा निजहरूले जोतभोग गरेकोमा नबढाई प्रत्येक परिवारलाई बढीमा १½ विगहासम्म जग्गा नापी गरी दिने र उक्त जग्गा १० वर्षसम्म वेच-विखन दान-दातव्य गर्न नपाइने शर्त कायम गर्ने।

(घ) यसरी जग्गा नापी गर्दा घना जङ्गल भएको र नदी कटानको घर भएको जग्गाहरूलाई छाड्नेतर्फ तथा नदी किनारामा यथासम्भव सुरक्षा पेटी कायम गर्नेतर्फ विशेष ध्यान दिने।

(ङ) जग्गा नापीको सिलसिलामा आवश्यकतानुसार हटाउनु पर्ने देखिएका पुराना डिमार्केशन पीलरलाई हटाउने र नयाँ वनसिमाना निर्धारण गर्दा यथासम्भव सोझै हुने गरी लगाउने।

आज्ञाले,

एमरल्ड ज.ब.राणा

श्री ५ को सरकारको सचिव

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०८